# प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावना:** प्रदेश सरकारको आर्थिक वर्ष २०७७/७८ को अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त कर र शुल्क लगाउने तथा राजश्व संकलन र राजश्व प्रशासनसम्बन्धी कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

प्रदेश नं ५, प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश आर्थिक ऐन, २०७७" रहेको छ।

(२) यो ऐन २०७७ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा र व्याख्या:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा "तोकिए वा तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिए वा तोकिएबमोजिम सम्झनु पर्छ।

३. **घरजग्गा लगायतको रजिष्ट्रेशन शुल्कः** (१) प्रदेशभित्र घर, जग्गा र घरजग्गा लगायतको रजिष्ट्रेशन गर्दा अनुसूची -१ बमोजिम घरजग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का शुल्क लगायतका शुल्क तथा दस्तुर लगाईने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको शुल्कको संकलन घरजग्गा लगायतको रजिष्ट्रेशनका बखत सम्बन्धित स्थानीय तहले गर्नेछ । प्रदेश तथा स्थानीय तहमा साधन, स्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म संघीय आर्थिक ऐन, २०७७ को दफा ३२ बमोजिम नेपाल सरकारको सम्बन्धित कार्यालयले यस ऐन बमोजिमको शुल्क उठाई अन्तर-



सभामुख

सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ बमोजिम प्रदेश र स्थानीय सञ्चितकोषमा दाखिला गर्नुपर्नेछ।

(३) मालपोत कार्यालयबाट पारित हुने लिखतहरुमा लिईने रजिष्ट्रेशन शुल्क लगायतका शुल्कहरुको प्रयोजनको लागि घर, जग्गा र घरजग्गा लगायतको मुल्याङ्कन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४. **सवारी साधन कर:** (१) प्रदेशभित्र सवारी साधनमा अनुसूची -२ बमोजिम सवारी साधन कर लगाई असूल उपर गरिनेछ।

(२) प्रचलित कानूनमा जुन सुकै कुरा लेखेको भएतापनी स्थानीय तहमा साधन, स्रोत, प्रविधि तथा जनशक्ति व्यवस्थापन नभएसम्म विद्युतीय शक्तिवाट चल्ने बाहेकका थ्री-ह्विलर सवारी साधन (टेम्पो, अटोरिक्सा जस्ता) मा प्रदेश सरकार ले यस ऐन बमोजिम कर उठाउनेछ र संकलित कर प्रदेश र स्थानीय तहविच बाँडफाँट गरिनेछ ।

५. **मनोरञ्जन कर:** (१) प्रदेशभित्र सञ्चालित मनोरञ्जन सेवामा अनुसूची -३ बमोजिम मनोरञ्जन कर लगाईनेछ।

(२) उपदफा (१) बमोजिमको करको संकलन स्थानीय तहले गर्नेछ।

६. **विज्ञापन कर:** प्रदेशमा विज्ञापन सामग्री वापतको विज्ञापन कर स्थानीय तहले कानून बमोजिम निर्धारण गरी असूल उपर गर्न सक्नेछ।

७. **कृषि आयमा कर:** (१) प्रदेशभित्र अनुसूची -४ बमोजिम कृषि आयमा कर लगाई असूल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम कर लगाउने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

सभामुख

८. पर्यटन शुल्कः (१) प्रदेशभित्र अनुसूची - ५ बमोजिम पर्यटन शुल्क लगाई असूल उपर गरिनेछ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश सरकारले अन्यथा व्यवस्था गरेकोमा बाहेक स्थानीय तहभित्र रहेका उद्यान, पार्क, सङ्ग्रहालय तथा नेपाल सरकारले प्रवेश शुल्क उठाउन अनुमति दिएका प्राचिन स्मारक र पुरातात्विक सम्पदामा प्रवेश गरेवापत सम्बन्धित स्थानीय तहले कानून बमोजिम पर्यटन शुल्क लगाई असूल उपर गर्न सक्नेछ।

९. **प्राकृतिक स्रोत शुल्कः** (१) प्रदेशभित्र अनुसूची - ६ बमोजिम ढुङ्गा, गिट्टी, बालुवा, माटो र दहत्तर बहत्तरको संकलनमा शुल्क लगाई असूल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको शुल्कको संकलन सम्बन्धित स्थानीय तहले गर्नेछ।

१०. **राजस्वको बाँडफाँट र दाखिलाः** यस ऐनको दफा (४), (५) र (८) बमोजिम संकलित राजस्वको रकम स्थानीय तहले आफ्नो विभाज्य कोषमा जम्मा गरी प्रदेश कर तथा गैरकर राजस्वसम्बन्धी ऐन, २०७५ बमोजिम बाँडफाँट गरी प्रदेश र स्थानीय तहको संचित कोषमा दाखिला गर्नुपर्नेछ ।

११. दर घटाउन, बढाउन वा छुट दिन सकिनेः (१) प्रचलित कानूनमा जुनसुकैं कुरा लेखिएको भएतापनि प्रदेश सरकारले आवश्यकता अनुसार यो ऐन र अन्य कानूनबमोजिम लगाइएका शुल्क र करको दर घटाउन, बढाउन वा त्यस्तो शुल्क र कर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ। त्यस्तो दर घटाइएको, बढाइएको वा छुट दिइएको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्नेछ।

सभामुख

(२) उपदफा (१) बमोजिम करको दर घटाइएको, बढाइएको वा कुनै शुल्क र कर आंशिक वा पूर्णरुपमा छुट दिइएको विवरण प्रत्येक वर्ष आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सभामा पेश गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम दिइएको छुट सुविधाको ~~कसैले दुरुपयोग गरेमा वा कुनै गलत प्रयोजनको लागि छुट~~ सुविधामा प्राप्त गरेको मालवस्तु अन्य प्रयोजनमा प्रयोग गरेमा त्यसरी छुट दिइएको शुल्क र कर रकम असूल उपर गरी सो रकम बराबर जरिवाना गरिनेछ ।

१२. **प्रक्रिया सरलीकरण वा बाधा अड्काउ फुकुवा गर्न सक्नेः** प्रचलित करसम्बन्धी कानून तथा यस ऐनको कार्यान्वयनको क्रममा सार्वजनिक शान्ति र व्यवस्थामा गम्भिर खलल पुगेको वा सार्वजनिक आवागमनमा अवरोध भएको वा विपद्को कारणले उल्लेखित कानूनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएमा वा उल्लेखित कानून तथा यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यकता अनुसार अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकुवा गर्न सक्नेछ ।

१३. **प्रदेश सरकारले तोकेबमोजिम हुनेः-** यस ऐनमा उल्लेख नभएका तर प्रदेश सरकार अन्तर्गतका निकायहरुबाट प्रदान गरिने सेवा वापत लिईने शुल्क तथा दस्तुर लगायतका विषयमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी तोकेबमोजिम हुनेछ।

सभामुख

अनुसूची-१

(दफा ३ सँग सम्बन्धित)

## रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र घरजग्गा रोक्का शुल्क

### क. घरजग्गा लगायतका अन्य रजिष्ट्रेशन शुल्क

| सि.नं. | लिखतको प्रकार | रजिष्ट्रेशन शुल्कको दर (अन्यथा उल्लेख भएकोमा बाहेक) थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न.पा. क्षेत्र | उप म.न.पा. क्षेत्र | न.पा. क्षेत्र | गा.पा. क्षेत्र |
| १. | राजिनामा, सट्टापट्टा र सगोलनामाको लिखत | | | | |
| | क) राजिनामा, सट्टापट्टा र सगोलनामाको लिखतको थैली अंकमा | ५% | ४.५% | ४% | २% |
| | ख) सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन आवास इकाईको लिखतको थैली अंकमा | ४% | ३% | २% | १% |
| | ग) सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन सहितको घरजग्गाको लिखतको थैली अङ्कमा | ५% | ४.५% | ४% | २% |
| २. | छोडपत्र (संयुक्त लिखत थैली अंङ्कमा)<br>दर्ताफारी (संयुक्त दर्तावाला बीचको) लिखतको थैली अङ्कमा | २.५% | २% | २% | १% |



सभामुख

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | हालैदेखिको वकसपत्रको लिखतको थैली अंकमा | | | | |
| | क) बाजे, बज्यै, आमा, बावु, पति, पत्नी, दाजु, भाउजु, भाइ, भाईवुहारी, दिदी, बहिनी, छोरा, छोराबुहारी, छोरी, छोरीज्वाईं, सासु, ससुरा, जेठाजु, जेठानी, देवर, देउरानी, भतिजा, भतिजी, नाति, नातिनी, नातिनीबुहारी, काका, काकी, मामा, माइजु, भाञ्जा, भाञ्जी ठूलो-बुवा, ठूली-आमा (बावु तर्फका) आमाजु, नन्द, सौता-सौता र एकै दाजु भाईको छोरा, छोरी, फूपू र भदा भदै बीच । | | | | |
| | अ) रु.१ लाखसम्मको थैली अङ्कमा | १.५% | १% | १% | ०.५% |
| | आ) रु.१ लाखभन्दा माथि जतिसुकै थैली अङ्कमा | २.५% | २% | २% | १% |
| | ख) अन्य वकसपत्र र दानपत्रको थैली अङ्कमा<br>स्पष्टीकरण : सरकारी विश्वविद्यालय, सरकारी क्याम्पस/कलेज, सामुदायिक विद्यालय, सामुदायिक अस्पताल, नेपाल सरकारका कार्यालय, प्रदेश तथा स्थानीय तह तथा नेपाल सरकारको नाममा प्राँप्त हुने दानपत्रको लिखतमा कुनै शुल्क लाग्ने छैन । | १५% | १५% | १५% | १०% |
| ४. | अंशवण्डा तथा अंश भपाईको लिखतमा | | | | |
| | क) रु.३० लाखसम्मको थैली अङ्कमा | ०.२% | ०.२% | ०.२% | ०.२% |
| | ख) रु.३० लाख भन्दा वढी रु. २ | ०.३% | ०.३% | ०.३% | ०.३% |



सभामुख

| | | | | | |
|---|---|---|---|---|---|
| | करोडसम्मको थैली अङ्कमा | | | | |
| | ग) रु. २ करोड भन्दा माथिको थैली अङ्कमा | ०.५% | ०.५% | ०.५% | ०.५% |
| ५. | मानो छुट्टिएको र मानो जोडिएको लिखत | | | | |
| | क) मानो छुट्टिएको प्रति लिखत | रु.१२०००।- | रु.११०००।- | रु.१००००।- | रु.५०००।- |
| | ख) मानो जोडिएको प्रति लिखत | रु.१५०००।- | रु. १२०००।- | रु.१००००।- | रु.५०००।- |
| ६. | शेषपछिको वकसपत्र/अष्टलोहको प्रतिलिखत | | | | |
| | क) तीन पुस्ताभित्रको | रु.७०००।- | रु.६०००।- | रु.५०००।- | रु.२०००।- |
| | ख) तीन पुस्ताबाहिरको | रु.१२०००।- | रु.११०००।- | रु.१००००।- | रु.४०००।- |
| ७. | दृष्टिबन्धकी, भोगबन्धकी र लखबन्धकीको लिखतको थैली-अंकमा | १% | १% | १% | १% |
| ८. | अधिकारनामा, मञ्जुरीनामा र अख्तियारनामाको लिखत | रु.२०००।- | रु.२०००।- | रु.२०००।- | रु.२०००।- |
| ९. | दाखील खारेज नहुने कपाली तमसुक र करारनामाको प्रति लिखत | १% | १% | १% | १% |
| १०. | सि.नं. ४ को अंशवण्डा तथा अंश भरपाईको लिखत घर वा जग्गा वा घरजग्गा दुवै भएको इलाकाको कुनै मालपोत कार्यालयबाट पारित गर्न सकिने छ । सि.नं. १ देखि १५ सम्मका अन्य घर वा जग्गा वा घरजग्गा दुवै रजिष्ट्रेशन शुल्क लाग्ने लिखतहरू घर जग्गा भएको इलाकाको कार्य गर्ने कार्यालय बाहेक अन्य कार्यालयबाट पारित गर्न सकिने छैन । स्थायी ठेगाना भन्दा बाहेक | | | | |



सभामुख

| | | | | | |
|---|---|---|---|---|---|
| | अन्य इलाकाबाट अंशवण्डा वा अंश भरपाई गर्दा स्थायी ठेगाना भएको इलाकामा यस अघि अंशवण्डा वा अंश भरपाई भए वा नभएको बुझि एकिन गर्नुपर्ने । | | | | |
| ११. | गुठी स्थापना लिखत (गुठी वापत दर्ता) | रु.६००।- | रु.५५०।- | रु.५००।- | रु.४००।- |
| १२. | घर बहाल लिखत बापत पहिलो महिनाको बहाल रकमको | ५% | ४.५% | ४% | ३% |
| १३. | फलोपभोग (युजु फ्रक्टी) | रु.१०००।- | रु.८००।- | रु.७००।- | रु.५००।- |
| १४. | **शेषपछिको बकसपत्र संशोधन वा रद्द गर्दा:** | | | | |
| | क. शर्त संसोधन | रु.१५००।- | रु.१२००।- | रु.१०००।- | रु.५००।- |
| | ख. बकस पत्र रद्द | रु.२०००।- | रु.१७००।- | रु.१५००।- | रु.१०००।- |
| १५. | अन्य लिखत | | | | |
| | क. रकम खुलेकोमा | ३% | २.५% | २% | १% |
| | ख. रकम नखुलेकोमा | रु.७०००।- | रु.६०००।- | रु.५०००।- | रु.३०००।- |

सभामुख

## ख. सेवा शुल्क

| सि.नं. | विवरण | सेवा शुल्कको दर (अन्यथा उल्लेख भएकोमा बाहेक) थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न.पा. क्षेत्र | उप म.न.पा. क्षेत्र | न.पा. क्षेत्र | गा.पा. क्षेत्र |
| १. | लिखत रजिष्ट्रेशनको लागि डोर माग गर्ने निवेदनमा डोर शुल्कः | | | | |
| | क) तराई क्षेत्रमा | रु.१५०००।- | रु.१००००।- | रु.७०००।- | रु.३०००।- |
| | ख) अन्य क्षेत्रमा | रु.१५०००।- | रु.७०००।- | रु.५०००।- | रु.२०००।- |
| २. | वित्तीय धितो<br>नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त बैंक, वित्तीय तथा सहकारी संस्थाबाट दिने कर्जाको धितोबन्धक वा दृष्टिबन्धक लिखतमा | | | | |
| | क) रु. १,००,०००।- सम्मको लिखतको थैली अङ्कमा | रु.१०००।- | रु.१०००।- | रु.१०००।- | रु.१०००।- |
| | ख) रु. १,००,०००।- भन्दा बढी रु. ५,००,०००।- सम्मको थैली अङ्कमा | रु.१५००।- | रु.१५००।- | रु.१५००।- | रु.१५००।- |
| | ग) रु. ५,००,०००।- भन्दा बढी रु.१०,००,०००।- सम्मको थैली अङ्कमा | रु.२५००।- | रु.२५००।- | रु.२५००।- | रु.२५००।- |
| | घ) रु.१०,००,०००।- भन्दा बढी रु.२०,००,०००।- सम्मको थैली अङ्कमा | रु.३०००।- | रु.३०००।- | रु.३०००।- | रु.३०००।- |
| | ङ) रु.२०,००,०००।- भन्दा बढी | रु.५०००।- | रु.५०००।- | रु.५०००।- | रु.५०००।- |



सभामुख

| | | | | | |
|---|---|---|---|---|---|
| | रु.५०,००,०००।- सम्मको थैली अङ्कमा | | | | |
| | च) रु. ५०,००,०००।- भन्दा बढी रु. १,००,००,०००।- सम्मको थैलीअङ्कमा | रु.२००००।- | रु.२००००।- | रु.२००००।- | रु.२००००।- |
| | छ) रु १,००,००,०००।- भन्दा बढी रु.२,००,००,०००।- सम्मको थैली अङ्कमा | रु.३००००।- | रु.३००००।- | रु.३००००।- | रु.३००००।- |
| | ज) रु २,००,००,०००।- भन्दा बढी रु.५,००,००,०००।- सम्मको थैलीमा अङ्कमा | रु.६५०००।- | रु.६५०००।- | रु.६५०००।- | रु.६५०००।- |
| | झ) रु.५,००,००,००० भन्दा बढी जतिसुकै थैली अङ्कमा | रु.१०००००।- | रु.१०००००।- | रु.१०००००।- | रु.१०००००।- |
| ३. | सरकारी जग्गा लिजमा उपलव्ध गराउने | सरकारी जग्गा दर्ता तथा लिजमा उपलव्ध गराउन प्रदेश सरकारले नीति बनाई शुल्क तोक्न सक्नेछ । | | | |
| ४. | जग्गाधनी दर्ता श्रेस्ताको प्रतिलिपिको लागि (टिकट बाहेक) प्रति पुर्जा (जुनसुकै प्रयोजनको लागि) | | | | |
| | क) तराई क्षेत्र | रु.६००।- | रु.५००।- | रु.३००।- | रु.२००।- |
| | ख) अन्य क्षेत्र | रु.६००।- | रु.३००।- | रु.२००।- | रु.१००।- |
| ५. | दाखिल खारेज शुल्क | | | | |
| | क) करार अनुसार लिखत पारित गर्न ठहऱ्याएको फैसला वा मिलापत्र अनुसारको दाखिल खारेज गर्दा | ५% | ४.५% | ४% | ३% |
| | ख) अन्य मिलापत्र (अंश र अपुताली बाहेक) | ३% | २.५% | २% | १% |



सभामुख

| | | | | | |
|---|---|---|---|---|---|
| | को दाखिल खारेज गर्दा | | | | |
| | ग) बैंक वित्तीय संस्था वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार गरी बैंक तथा वित्तीय संस्थाको पत्रानुसार व्यक्तिको नाउमा दा.खा. गर्दाको थैली अङ्कमा | ५% | ४.५% | ४% | २% |
| | घ) बैंक वित्तीय संस्था वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार नगरी ऋणीकै नामबाट बैंक वित्तीय संस्था वा सहकारी संस्थाले आफ्नो नाँउमा दाखिल खारेज गर्दा प्रति मिसिल | रु.७०००।- | रु.६०००।- | रु.५०००।- | रु.२०००।- |
| | ङ) बैंक, वित्तीय संस्था वा सहकारी संस्थाले कर्जा प्रवाह गर्दा लिएको धितो लिलाममा बैंक वा संस्था आफैले सकार गरेपछि सम्बन्धित ऋणीलाई नै फिर्ता गर्दा पारित गर्ने लिखतको थैली अङ्कमा | २.५% | २% | २% | १% |
| | च) भूमिसुधार कार्यालयबाट जग्गा बाँडफाँट भई दा.खा. हुन आँउदा प्रति मिसिल | रु.५००।- | रु.४००।- | रु.३००।- | रु.२००।- |



सभामुख

| | | | | | |
|---|---|---|---|---|---|
| | छ) अदालत वा न्यायिक निकायको फैसला बमोजिम लिलाम बढाबढ गरी दाखिल खारेज गर्दा प्रति मिसिल | रु.५०००।- | रु.३०००।- | रु.१०००।- | रु.५००।- |
| | ज) शेषपछिक्को वकसपत्रको दाखिल खारेज | | | | |
| | अ) तीनपुस्ता भित्रको भए | सबै क्षेत्रका लागि अंशवण्डा सरह | | | |
| | आ) तीनपुस्ता बाहिरको भए (थैली अंक) मा | अंशवण्डा सरह तोकिएको रकममा १० प्रतिशत थप | | | |
| ६. | नामसारी | | | | |
| | क) तीन पुस्ता भित्रको नामसारी गर्दा | रु.१५००।- | रु.१२००।- | रु.१०००।- | रु.५००।- |
| | ख) तीन पुस्ताभन्दा बाहिरको नामसारी गर्दा | रु.३५००।- | रु.३०००।- | रु.३०००।- | रु.१५००।- |
| ७. | हाल साविक<br>पुनः नापजाँच पछिको श्रेस्ता हाल साविक तथा अद्यावधिक गर्दा प्रति मिसिल | रु.४००।- | रु.३००।- | रु.२००।- | रु.१००।- |
| ८. | घर कायम<br>श्रेस्ता पूर्जामा घर जनाउने प्रति निवेदनमा | रु.२५००।- | रु.२०००।- | रु.२०००।- | रु.५००।- |
| ९. | संशोधन शुल्क<br>मालपोत ऐन २०३४ को दफा ७(३) अनुसारको विवरणमा संशोधन गर्नु पर्दा प्रति मिसिल | रु.३००।- | रु.२००।- | रु.१००।- | रु.५०।- |



सभामुख

| | | | | | |
|---|---|---|---|---|---|
| १०. | रोक्का शुल्क | | | | |
| | क) लिखत रजिष्ट्रेशन भएकोमा (थैली अङ्क जतिसुकै भएपनि) | नलाग्ने | नलाग्ने | नलाग्ने | नलाग्ने |
| | ख) लिखत रजिष्ट्रेशन नहुनेमा | | | | |
| | अ) रु.१०००००।- सम्मको ऋण अङ्कमा | रु.५००।- | रु.४००।- | रु.३००।- | रु.२००।- |
| | आ) रु.१०००००।- भन्दा वढी रु.५,०००००।- सम्म ऋण अङ्कमा | रु.८००।- | रु.७००।- | रु.५००।- | रु.३००।- |
| | इ) रु. ५०००००।- भन्दा बढी जतिसुकै ऋण अंकमा | रु.१०००।- | रु.८००।- | रु.७००।- | रु.५००।- |
| | ई) ऋण अङ्क नखुलेकोमा | रु.५०००।- | रु.४०००।- | रु.३०००।- | रु.२०००।- |
| ११ | क) जग्गाधनी प्रमाण पुर्जा दस्तुर | सबै क्षेत्रको रु. ५०।- | | | |
| | ख) जग्गाधनी प्रमाण पुर्जा प्रतिलिपी दस्तुर | रु.१००।- | रु.१००।- | रु.१००।- | रु.१००।- |

सभामुख

## ग. विविध

| | |
|---|---|
| १. | जलविद्युत उद्योग, चिया खेती, कफी खेती, कपास खेती, पुष्प व्यवसाय, तरकारी खेती, पशुपंक्षीपालन, अलैंची खेती, जडिबुटी खेती एवं फलफूल उद्योगको नाममा खरीद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा सम्बन्धित स्थानीय तहको सिफारिका आधारमा पचहत्तर प्रतिशत छुट हुनेछ । तर, त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाइएमा सम्बन्धित स्थानीय तहले छुट भएको रजिष्ट्रेशन शुल्क असूल गरी सोही रकम बराबर जरिवाना गर्नुपर्नेछ । |
| २. | अधिकारनामा र शेषपछिको वकसपत्र लिखत बाहेक अन्य सबै प्रकारको लिखतमा थैली अंङ्क अनिवार्य रुपमा खुलाउनु पर्नेछ । |
| ३. | दुई वा दुई भन्दा बढी पक्षले आपसी सहमतिमा कृषि प्रयोजनको लागि जग्गाको चक्लाबन्दी गर्न हक हस्तान्तरण गर्दा सो मा लाग्ने राजस्व मिनाह गरिनेछ । यसरी राजस्व मिनाहको सुविधा लिई चक्लाबन्दी गरेको जग्गाको कुनै पनि किसिमले हक हस्तान्तरण गर्न पाईनेछैन्। |
| ४. | प्रदेशभित्र सूर्ती, गुट्खा, पानपराग र मदिराजन्य उद्योग बाहेकका उत्पादनमूलक उद्योगले उद्योग स्थापना तथा सञ्चालन गर्न उद्योगको नाममा खरीद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा पचहत्तर प्रतिशत-छुट हुनेछ । तर, त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाईएमा सम्बन्धित स्थानीय तहले छुट भएको रजिष्ट्रेशन शुल्क असूल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ । |
| ५. | माथि बुँदा नं. १, ३ र ४ बमोजिम छुट सुविधा लिन सम्बन्धित व्यवसाय दर्ताको प्रमाणपत्र पेश गर्नुपर्नेछ । प्रमाणपत्र प्राप्त नगरिसकेको अवस्थामा सम्बन्धित स्थानीय तहको प्रमुख/अध्यक्षको सिफारिस पेश गर्नुपर्नेछ । |
| ६. | (क) प्रदेशभित्र कृषि ऋण, बीमा संस्थान, बीमा समितिबाट स्वीकृति प्राप्त बीमा कम्पनी, विश्वविद्यालय, बैंक तथा वित्तीय संस्थाहरूले आफ्ना बहालवाला कर्मचारीहरूलाई सेवा सर्तबमोजिम दिने ऋण सुविधाको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन शुल्क छुट हुनेछ । तर, सेवा शुल्क रु. १०००।- लाग्नेछ । |



सभामुख

| | |
|---|---|
| | (ख) प्रदेशभित्र कर्मचारी सञ्चयकोष तथा नागरिक लगानी कोषले नियमित बचत जम्मा गर्ने आफ्ना सञ्चयकर्ताहरूलाई ऋण सुविधा उपलव्ध गराउँदा लिने धितोको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन शुल्क छुट हुनेछ । तर, सेवा शुल्क रु. ५००।- लाग्नेछ । |
| ७. | (क) सहकारी ऐन, २०७४ बमोजिम दर्ता भै संचालनमा रहेका सहकारी संस्थाहरूले आफ्ना शेयर सदस्यहरु बीच ऋण लगानी/प्रवाह गर्दा तीस लाख रुपैयाँ सम्मको थैली अंकमा रोक्का शुल्क वाहेक सेवा शुल्क छुट हुनेछ । सो भन्दा माथिको थैली अंकमा खण्ड ख सेवा शुल्क महलको सि.नं. २ बमोजिमको सेवा शुल्क लाग्नेछ तर रोक्का शुल्क छुट हुनेछ । |
| | (ख) यो ऐन प्रारम्भ भएपश्चात् प्रदेशभित्र बैंकिङ्ग तथा वित्तीय व्यावसाय र बीमा व्यवासाय गर्ने एकै प्रकृतिका निकायहरू एक आपसमा गाभिन चाहेमा गाभिने संस्थाहरूले सो प्रयोजनका लागि घरजग्गाको एकत्रित गर्दा संशोधन शुल्क वाहेक अन्य शुल्क लाग्ने छैन । |
| ८. | जनआन्दोलन, जनयुद्ध र मधेश आन्दोलनमा सहादत प्राप्त गरेका शहीदका आश्रित पति, पत्नी, छोरा र छोरी तथा माता-पिताको नाममा स्वामित्व प्राप्त हुनेगरी पारीत हुने लिखतमा यस ऐन बमोजिम लाग्ने सबै प्रकारको शुल्क पूर्ण रूपमा छुट हुनेछ । |
| ९. | पूर्ण अपाङ्गता भएका व्यक्ति, दलित एवम् पिछडिएका जाती भनी स्थानीय निकायवाट प्रमाणित भएको सिफारिस वा आधिकारीक प्रमाणको आधारमा तिनीहरूको नाममा स्वामित्व प्राप्त हुँदा यस ऐन वमोजिम असूल गरिने घरजग्गा रजिष्ट्रेशन शुल्कमा पचास प्रतिशत छुट हुनेछ । |
| १०. | (क) महिला, सत्तरी वर्ष भन्दा बढी उमेरका ज्येष्ठ नागरिक र नाबालकको नाममा जुनसुकै प्रकारबाट स्वामित्व प्राप्त हुनेगरी पारित हुने लिखतमा यस ऐन बमोजिम लगाइएको रजिष्ट्रेशन शुल्कमा पच्चीस प्रतिशत छुट हुनेछ । तर, एकल महिलाको हकमा भने पैतिस प्रतिशत छुट हुनेछ । |
| | (ख) हाल पति वा पत्नीको नाममा कायम रहेको घरजग्गाको स्वामित्व परिवर्तन गरी पति-पत्नी दुवैको संयुक्त स्वामित्वको रुपमा लिखत गर्न चाहेमा सो संगोलनामाको लिखतमा रु.१००।- मात्र रजिष्ट्रेशन शुल्क लाग्नेछ । |

| | |
|---|---|
| | (ग) ३०० जना भन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने उत्पादनमूलक उद्योग स्थापना गर्न वा विस्तार गर्नका लागि जग्गा खरीद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कको लिखतमा पचहत्तर प्रतिशत छुट दिइनेछ । तर, त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाइएमा सम्बन्धित स्थानीय तहले छुट भएको रजिष्ट्रेशन शुल्क असूल गरी सोही रकम बराबर जरिवाना गर्नुपर्नेछ । |
| ११. | भूमिहीन मूक्त कमैया र मूक्त हलिया परिवारले सहुलियत ऋण र अनुदान प्राप्त गरी खरीद गरेको जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का शुल्क पूर्ण रूपमा छुट हुनेछ । |
| १२. | विविधको क्रमसंख्या ८, ९, १० र ११ बमोजिम छुट दिंदा एकै व्यक्तिलाई एकभन्दा बढी आधारमा छुट पाउने भएमा सबैभन्दा बढी कुनै एकमात्र छुट दिइनेछ । |
| १३. | बैक, वित्तीय एवम् सहकारी संघ, संस्था र अदालतबाट भई आएको मिलापत्र अनुसार दाखिल खारेज गर्नुपर्दा सेवा शुल्क असूल गर्ने प्रयोजनको लागि सम्बन्धित स्थानीय तहले रजिष्ट्रेशन प्रयोजनको लागि तोकेको न्यूनतम मूल्य र मिलापत्र वा बैक, वित्तीय एवम् सहकारी संघ संस्थाको पत्रमा उल्लेख भएको मूल्य मध्ये जुन बढी हुन्छ सोहीलाई कायम गर्नुपर्नेछ । |
| १४. | धार्मिक तथा सामाजिक हितका निमित्त स्थापित नेपालमा दर्ता भएका संघ, संस्था वा निकायले आफ्नो नाउमा प्राप्त गर्ने जग्गाको लिखत पारित गर्दा पचास प्रतिशत रजिष्ट्रेशन शुल्क छुट दिइनेछ। |
| १५. | प्रदेशभित्र यो ऐन लागू हुँदाका वखत नेपाल सरकारवाट घोषणा भएका वा यसपछि घोषणा हुने नगरपालिका वा उपमहानगरपालिका वा महानगरपालिकाको हकमा त्यस्ता नगरपालिकाको नाम र क्षेत्र निर्धारण गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरेको मिति देखि यस अनुसूची वमोजिमको घर जग्गा रजिष्ट्रेशन शुल्क र सेवा शुल्क लाग्नेछ । |
| १६. | सहकारी ऐन, २०७४ अन्तर्गत दर्ता भएका सहकारी संस्थाहरूले संस्थाको प्रयोजनको लागि मात्र पहाडी क्षेत्रमा २ रोपनी , तराई र भित्री मधेशमा ३ कठ्ठासम्म जग्गा र भवन खरीद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क सहकारी विभागको सिफारिसमा पूर्ण रुपमा छुट हुनेछ । तर, त्यस्ता सहकारी संस्थाले रजिष्ट्रेशन शुल्क छुट सुविधामा खरीद गरेको जग्गा तथा भवन संस्था गाभिएको वा विघटन भएको अवस्थामा बाहेक विक्री गरेमा पहिले छुट दिएको रजिष्ट्रेशन शुल्क असूल उपर गरिनेछ । |



सभामुख

| | |
|---|---|
| १७. | एउटै कारोवारबाट ५० लाख रुपैयाँ वा सोभन्दा माथिको घर वा जग्गा खरीद बिक्री गर्दा क्रेताले बैंकबाट भुक्तानीको लागि योग्य (गुड फर पेमेन्ट) भनी छाप लागेको चेकको फोटोकपी पेश गरेपछि वा बिक्रेताका नाममा बैंकमा रहेको खातामा रकम जम्मा गरेको बैंक भौचरको फोटोकपी पेश गरेपछि मात्र सम्बन्धित निकायले लिखत पारित गर्नेछ । |
| १८. | पति पत्नीको संयुक्त नाममा पारित हुने लिखतमा महिला सरह रजिष्ट्रेशन शुल्क छुट दिइनेछ । |
| १९. | तीनपुस्ता भित्र छोरी वा नातिनीहरूमा संयुक्त नामसारी भई दर्ताफारी गर्दा क्रमसंख्या २ मा उल्लेखित छोडपत्रको दररेटको आधा शुल्क लाग्नेछ । |
| २०. | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह वा अन्तर्गतको कुनै एक निकायको नाममा रहेको जग्गा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह वा अन्तर्गतको अर्को कुनै निकायको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्नुपर्दा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन । |
| २१. | कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह वा मातहतका कुनै निकायलाइ निःशुल्क रूपमा प्राप्त भएमा वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा मातहतका कुनै पनि निकायले खरीद गरि लिएमा वा लिलाम सकार गरेमा सो मा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन । |
| २२. | वैदेशिक रोजगारीवाट बैंकिङ्ग प्रणाली मार्फत रेमिट्यान्स प्राप्त भएको बैंकको प्रमाणित कागजातको आधारमा त्यस्तो रेमिट्यान्सवाट खरीद हुने जग्गाको लिखतमा पच्चीस प्रतिशत रजिष्ट्रेशन शुल्क छुट दिइनेछ । |
| २३. | यस ऐन बमोजिमको छुट सुविधा यो ऐन प्रारम्भ भएको मिति देखि वि.सं. २०७८ साल आषाढ मसान्तसम्मको अवधिमा कारोवार हुन आउने लिखतको हकमा मात्र कायम हुनेछ । |
| २४. | यस अनुसूचीको प्रयोजनको लागि तराईक्षेत्र भन्नाले तराई र भित्रि मधेशका जिल्ला सम्झनुपर्दछ । |

अनुसूची-२

(दफा ४ सँग सम्बन्धित)

<u>सवारी साधन कर</u>

| क्र.सं. | सवारीको किसिम | वार्षिक करको दर (रु.)मा |
|---|---|---|
| १ | निजी सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः | |
| | **क) कार, जिप, भ्यान, माइक्रो बस** | |
| | (अ) १००० सी.सी सम्म | २०००० |
| | (आ) १००१ सी.सी देखि १५०० सी.सी सम्म | २२००० |
| | (इ) १५०१ सी.सी. देखि २००० सी.सी. सम्म | २५००० |
| | (ई) २००१ सी.सी. देखि २५०० सी.सी. सम्म | ३४००० |
| | (उ) २५०१ सी.सी. देखि २९०० सी.सी. सम्म | ३९००० |
| | (ऊ) २९०१ सी.सी. देखि माथि सबै | ५५००० |
| | **ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण र मिनीटिपर** | |
| | (अ) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण | ४०००० |
| | (आ) मिनीटिपर | ३०००० |
| | **ग) हीलर, टेम्पो, ट्रेक्टर र पावर ट्रिलर** | |



सभामुख

| | | |
|---|---|---|
| | (अ) थ्री ह्वीलर र टेम्पो | ५००० |
| | (आ) ट्रेक्टर | |
| | i) कृषि प्रयोजन | ४००० |
| | ii) गैर कृषि प्रयोजन | १५००० |
| | (ई) पावर ट्रिलर | २००० |
| | घ) मिनिट्रक/मिनिबस | २३५०० |
| | ङ) ट्रक/बस | ३२००० |
| | (च) मोटर साईकल | |
| | अ) १२५ सी.सी सी.सी. सम्मको | २५०० |
| | आ) १२६ सी.सी देखिं २५० सी.सी. सम्म | ४५०० |
| | इ) २५१ सी.सी देखि ४०० सी.सी. सम्म | ९५०० |
| | ई) ४०१ सी.सी. र सो देखि माथि | २०००० |
| २ | भांडामा दर्ता भएका सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः | |
| | (क) कार, जिप, भ्यान, माइक्रो बस | |
| | (अ) १३०० सी.सी.सम्म | ८५०० |
| | (आ) १३०१ सी.सी. देखि २००० सी.सी. सम्म | १०००० |
| | (इ) २००१ सी.सी.देखि २९०० सी.सी.सम्म | १२००० |
| | (ई) २९०१ सी. सी. देखि ४००० सी.सी. सम्म | १४००० |



सभामुख

| | | |
|---|---|---|
| | (उ) ४००१ सी.सी. र सोभन्दा माथि सबै | १७००० |
| | (ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण | २०००० |
| | (ग) थ्री ह्वीलर र टेम्पो | ४००० |
| | (घ) ट्रेक्टर (कृषि प्रयोजन) | १५०० |
| | (ङ) पावर ट्रिलर | १५०० |
| | (च) मिनीट्रक, मिनीबस | १२५०० |
| | (छ) मिनी ट्रिपर | १५००० |
| | (ज) ट्रक | १७००० |
| | (झ) बस | १६००० |
| ३. | नेपाल सरकार, प्रदेश सरकार , स्थानीय तह, पर्यटक सवारी र सार्वजनिक संस्थानका नाउँमा दर्ता भएका सवारी साधनहरूलाई भाडामा दर्ता भएका सवारी साधनमा लाग्ने सरह कर लाग्नेछ । | |
| ४. | पेट्रोलियम पदार्थ बाहेक अन्य इन्धनद्वारा सञ्चालन हुने सवारी साधनमा माथि उल्लेखित क्रम संख्या १ र २ बमोजिम लाग्ने सवारी साधन करमा बीस प्रतिशत छुट हुनेछ । तर, विद्युतीय माध्यमद्वारा सञ्चालित सवारी साधनमा सवारी साधन कर लाग्ने छैन । | |
| ५. | शुरु पैठारी मितिले एक वर्षभन्दा कम अवधि भएमा दामासाहीले सवारी साधन कर लगाईनेछ ।तर, व्यापार मौज्दातमा रहेका सवारी साधनमा यस्तो कर लाग्ने छैन । | |
| ६. | सवारी साधन बिग्रेको वा अन्य कुनै कारणबाट सो सवारी साधन चलाउन नपाएको भनी प्रदेश सरकारले ठहऱ्याएको कुनै व्यक्ति वा संस्थाको नाममा दर्ता भएको सवारी साधनलाई सवारी साधन कर लाग्ने छैन | |
| ७. | उत्पादनका मितिले पन्ध्र वर्षभन्दा पुराना सवारी साधनहरूलाई लाग्ने सवारी साधन करमा चौध वर्षभन्दा बढीको प्रत्येक वर्षका लागि पाँच प्रतिशतका दरले थप गरी सवारी साधन कर लाग्नेछ । तर यस्तो सवारी साधनको कुल कर रकम उक्त सवारी साधनको लागि | |



सभामुख

| | |
|---|---|
| | तोकिएको कर रकमको दोब्बरभन्दा बढी हुने छैन । |
| ८. | भाडाका बस, मिनीबस तथा माइक्रोबसका सवारी साधनले विद्यार्थी, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, जन आन्दोलनमा घाइतेलाई सहुलियतको रूपमा भाडामा छुट दिएबापत त्यस्ता सवारी साधनका धनीले तोकिएको करमा साठी प्रतिशत छुट पाउनेछन् ।प्रदेश सरकारको कुनै निकायबाट अनुगमन गर्दा सो बमोजिमको छुट दिएको नपाईएमा छुट दिएको रकम र सोही बराबर जरिवाना गरी असुल उपर गरिनेछ । |
| ९. | जुनसुकै सवारी साधनका धनीले चाहेमा लाग्ने सवारी साधन कर प्रचलित दरका आधारमा एकमुष्ठ रुपमा पाँच वर्षसम्मका लागि एकैपटक भुक्तानी गरी नवीकरण गराउन सक्नेछन् । यसरी अग्रिम रूपमा पाँच बर्षको सवारी साधन कर एकमुष्ट बुझाई नवीकरण गराएमा लाग्ने सवारी साधन करमा दश प्रतिशत छुट हुनेछ । |
| १०. | सार्वजनिक संग्रहालयमा प्रदर्शनीका लागि राखिएका बीस वर्षभन्दा पुराना सवारी साधनलाई वार्षिक तिर्नुपर्ने सवारी साधन कर लाग्ने छैन । |
| ११. | क्रम संख्या १ र २ मा जुनसुकै कुरा लेखिएको भएतापनि दमकल, एम्बुलेन्स र शव वाहनलाई सवारी साधन कर लाग्ने छैन । |
| १२. | बीस लाख रुपैयाँभन्दा बढीको सवारी साधन खरिद गर्दा सम्बन्धित सवारी साधन क्रेताले एकाउन्ट पेयी चेकबाट मात्र बिक्रेतालाई रकम भुक्तानी गर्नुपर्नेछ । |
| १३. | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाईका १५० सी.सी. सम्मका स्कूटरमा सवारी साधन कर लाग्ने छैन । |
| १४. | नेपालमा हाल सञ्चालनमा रहेका पुराना ट्रकलाई नेपालमा नै बन्द कन्टेनरको रूपमा रूपान्तरण गर्न निवेदन दिने सवारी साधनका धनीलाई निजले बुझाउनु पर्ने सवारी साधन कर वापत पचास हजार रुपैयाँ वा चार वर्षको सवारी साधन कर वापत हुन आउने रकम मध्ये जुन घटी हुन्छ सो बराबरको रकम छुट दिइनेछ । तर, यस्तो छुट सुविधा दश वर्ष भन्दा पुराना ट्रकहरूलाई दिइने छैन |
| १५. | सार्वजनिक यातायातका रूपमा सञ्चालन गर्ने गरी दर्ता भएका प्रा.लि. कम्पनीहरूले संचालन गर्ने सार्वजनिक बसहरूले तिर्ने सवारी |



सभामुख

| | |
|---|---|
| | साधन करमा पच्चीस प्रतिशत छुट दिइनेछ । |
| १६. | ढुवानी कार्य संचालन गर्नेगरी दर्ता भएका प्रा.लि. कम्पनीहरूले सञ्चालन गर्ने १० टन भन्दा माथिका बन्द कन्टेनर र ठूला ट्रकहरूले तिर्ने सवारी साधन करमा पच्चीस प्रतिशत छुट दिइनेछ । |
| १७. | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले जफत गरी लिलाम बिक्री गरेको सवारी साधनमा सो मिति भन्दा अगाडिको अवधिको यस्तो कर लाग्ने छैन । |
| १८. | यस ऐन बमोजिम छुट सुविधा उपलब्ध गराउँदा दुई वा सो भन्दा बढी छुट सुविधा पाउने अवस्था भएमा जुन शिर्षकमा सबैभन्दा बढी छुट सुविधा उल्लेख भएको छ सो मात्र छुट हुनेछ । |
| २० | सार्वजनिक यात्रुबाहक सवारी साधनले यस ऐन बमोजिम बुझाउनु पर्ने खुद कर रकममा ३३ प्रतिशत छुट हुनेछ । |
| २१ | मिति २०७६ चैत्र ११ गते पछि कर दाखिला गर्नुपर्ने म्याद कायम भएका सवारी साधनको हकमा चालु आ.व. २०७६/७७ को सवारी साधन कर रकम आगामि आ.व. २०७७/७८ मा बुझाउदा लाग्ने जरिवाना २०७७ साल आश्विन मसान्तभित्र दाखिला गरेमा मिनाहा हुनेछ । |
| २२ | क.सं. १ (ग) (आ) को प्रयोजनको लागि सवारी साधनधनिले कृषि वा गैरकृषि प्रयोजन खुलाई स्वःघोषणा गरे बमोजिम कर असुलउपर गरिनेछ। कृषि प्रयोजन भनि घोषणा गरेका सवारी साधनको दर्ता प्रमाण पत्रमा समेत कृषि प्रयोजन भनी उल्लेख गर्नुपर्नेछ । कृषि प्रयोजनको लागि स्वघोषणा गरिएको सवारी साधन प्रयोजन विपरित प्रयोग भएको पाइएमा पटकै पिच्छे रु ५०० का दरले जरिवाना लाग्नेछ । |

सभामुख

अनुसूची-३

(दफा ५ सँग सम्बन्धित)

मनोरञ्जन कर

१. चलचित्र, नाटकघर, भिडियोघर र थियटरमा टिकट मूल्यको ५ प्रतिशत मनोरञ्जन कर लाग्नेछ।

२. सर्कस, खेल, मेला, जादु, चटके र विभिन्न प्रदर्शनीमा टिकटको व्यवस्था भएकोमा टिकट मूल्यको ५ प्रतिशत र टिकटको व्यवस्था नभएकोमा देहाय बमोजिमको दरमा मनोरञ्जन कर लाग्नेछ ।

| सि. नं. | मनोरञ्जन सेवा | कार्यक्रम | जिल्लाको वर्ग अनुसार करको दर (रु. मा) | | |
|---|---|---|---|---|---|
| | | | क वर्ग | ख वर्ग | ग वर्ग |
| १. | सर्कस, खेल, मेला, जादु, चटके | १ दिन सम्मको | १०,०००।- | ५,०००।- | २,५००।- |
| | | ७ दिनसम्म | ५०,०००।- | २५,०००।- | १२,०००।- |
| | | ८ देखि १५ दिनसम्म। | १,००,०००।- | ५०,०००।- | २५,०००।- |
| | | १६ देखि ३० दिन सम्म । | १,५०,०००।- | ७५,०००।- | ३७,०००।- |

द्रष्टव्यः यस दफाको प्रयोजनको लागि जिल्लाहरुको वर्गीकरण देहाय बमोजिम हुनेछ ।



सभामुख

"क" वर्गमा पर्ने जिल्लाहरुः नवलपरासी (वर्दघाट सुस्ता पश्चिम), रुपन्देही, कपिलवस्तु, दाङ्ग, बाँके र बर्दिया
"ख" वर्गमा पर्ने जिल्लाहरुः पाल्पा, गुल्मी, अर्घाखाँची र प्यूठान
"ग" वर्गमा पर्ने जिल्लाहरुः रोल्पा र रुकुम (पूर्व)

३. ३० दिन भन्दा माथिको सर्कस, खेल, मेला, जादु, चट्के र विभिन्न प्रदर्शनीमा टिकटको व्यवस्था अनिवार्य गर्नुपर्नेछ ।

४. टि.भी. केवल नेटवर्कको हकमा शुल्कको १ प्रतिशत र डिश टि.भी. को हकमा रिचार्ज रकमको २ प्रतिशतका दरले कर लाग्नेछ ।

सभामुख

अनुसूची-४
(दफा ७ सँग सम्बन्धित)

## कृषि आयमा कर

| सि.नं. | आयको वर्गीकरण | करको दर |
|---|---|---|
| १ | घोषित खुद आय रु. ५,००,०००।– सम्म | छुट |
| २ | घोषित खुद आय रु. ५,००,०००।– भन्दा माथि रु.१०,००,०००।– सम्म | ५% |
| ३ | घोषित खुद आय रु. १०,००,०००।– भन्दा माथि रु.२०,००,०००।– सम्म | १०% |
| ४ | घोषित खुद आय रु.२०,००,०००।– भन्दा माथिको हकमा पहिलो २० लाखसम्म सि.नं. ३ बमोजिम, त्यसपछिको २० लाखमा प्रतिलाख २%, त्यसभन्दा माथिको जुनसुकै रकममा प्रतिलाख ३% का दरले कर लाग्नेछ । | |

सभामुख

अनुसूची-५

(दफा ८ सँग सम्बन्धित)

पर्यटन शुल्क

१. प्रदेश भित्रका आफ्नो स्वामित्वमा रहेका पर्यटकीय स्थलहरुको प्रवेश शुल्कमा टिकट मूल्यको ५ प्रतिशतका दरले पर्यटन शुल्क लगाई असूल उपर गरिनेछ।

सभामुख

## अनुसूची-६
(दफा ९ सँग सम्बन्धित)

**प्राकृतिक स्रोत शुल्क**

| सि.नं. | विवरण | इकाई | दर | |
|---|---|---|---|---|
| | | | तराईका जिल्लाहरु | पहाडका जिल्लाहरु |
| १. | ढुंगा, गिट्टी, बालुवा | प्रति क्यूव फिट | रु.८।- | रु.५।- |
| २. | माटो | प्रति क्यूव फिट | रु.३।- | रु.१।- |
| ३. | दहत्तर बहत्तर | प्रति के.जी. | रु.२।- | रु.१।- |

यस अनुसूचीमा जुनसुकै कुरा लेखिएको भएतापनि तराईका जिल्लाका स्थानीय तहसँग सिमाना जोडिएका भू-भागबाट पहाडी जिल्लाका स्थानीय तहले प्राकृतिक स्रोतको विक्रि गर्दा तराईका जिल्लाको लागि तोकिएको दररेटका आधारमा गर्नुपर्नेछ ।

प्रदेश सभाको संवत् २०७७ साल असार १६ गते बसेको बैठकले नेपालको संविधानको धारा १९९ बमोजिम पारित गरेको यो विधेयक अर्थ विधेयक हो भनी संविधानको धारा २०१ को उपधारा (१) बमोजिम प्रमाणित गर्दछु ।

पूर्ण बहादुर घर्ती
सभामुख
प्रदेश सभा

प्रदेश सभाका सभामुखबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम प्रमाणीकरण गर्दछु।
मिति:-२०७६/8/9
(प्रदेश प्रमुख)